## आवश्यक न्यूनतम शैक्षिक योग्यताः

**खुला तथा समावेशी प्रतियोगिताको लागिः**

१. **असिष्टेण्ट सब इन्जिनियर, तह ४, इन्जिनियरिङ सेवा, सिभिल समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टी.एस.एल.सी. उत्तीर्ण।

२. **खा.पा.स.टे., तह ४, इन्जिनियरिङ सेवा, सिभिल समूह, स्यानिटरी उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा एस.इ.इ. वा सो सरह उत्तीर्ण गरी खानेपानी तथा सरसफाई विषयमा कम्तीमा एक महिनाको तालिम प्राप्त वा सम्बन्धित विषयमा दुई वर्षको अनुभव प्राप्त।

३. **अमिन, तह ४, इन्जिनियरिङ सेवा, सर्भे समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्वे वा जियोमेटिक्स विषयमा कम्तीमा एक वर्षको तालिम प्राप्त गरेको।

४. **नायब प्राविधिक सहायक, तह ४, कृषि सेवा, कृषि प्रसार समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट जे.टी.ए. (कृषि विज्ञान) विषयमा कम्तीमा एक बर्षको तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टी.एस.एल.सी उत्तीर्ण ।

५. **नायब प्राविधिक सहायक, तह ४, कृषि सेवा, कृषि बागवानी समूहः** मान्यता प्राप्त शिक्षण संस्थावाट जे.टी.ए. (कृषि विज्ञान) विषयमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण।

६. **नायव पशु स्वास्थ्य प्राविधिक, तह ४, कृषि सेवा, भेटेरिनरी समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण भई स्टक सुपरभाइजर विषयमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा जे.टी.ए. (पशु विज्ञान) विषयमा कम्तीमा एक बर्षको तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टि.एस.एल.सी. वा सो सरह उत्तीर्ण।

७. **नायव पशु सेवा प्राविधिक, तह ४, कृषि सेवा, ला.पो.एण्ड डे.डे समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण भई स्टक सुपरभाइजर विषयमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा जे.टी.ए. (पशु विज्ञान) विषयमा कम्तीमा एक बर्षको तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टी.एस.एल.सी. वा सो सरह उत्तीर्ण।

८. **अ.हे.ब., तह ४, स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सी.एम.ए. कोर्ष उत्तीर्ण गरी सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

९. **अ.न.मी., तह ४, स्वास्थ्य सेवा, नर्सिङ समूह, मिडवाइफ्री नर्सिङ उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तीर्ण गरी नेपाल नर्सिङ्ग परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

१०. **वैद्य, तह ४, स्वास्थ्य सेवा, आयुर्वेद समूह, जनरल आयुर्वेद उपसमूहः** मान्यता प्राप्त शिक्षणसंस्थाबाट एस.एल.सी/एस.इ.इ. पश्चात् एक वर्षको सहायक आयुर्वेद स्वास्थ्य कार्यकर्ता (AAHW) कोर्ष उत्तीर्ण गरी आयुर्वेद चिकित्सा परिषद्, नेपालमा नाम दर्ता तथा नवीकरण भएको।

११. **ल्याब असिष्टेण्ट, तह ४, स्वास्थ्य सेवा, मेडिकल ल्याब टेक्नोलोजी समूह, जनरल ल्याब टेक्नोलोजी उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याब विषयमा टी.एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको ।

१२. **खरिदार, तह ४, प्रशासन सेवा, सामान्य प्रशासन समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा माध्यमिक शिक्षा परीक्षा (एस.इ.इ.) वा सो सरह उत्तीर्ण।

१३. **सह लेखापाल, तह ४, प्रशासन सेवा, लेखा समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित वा ऐन स्रेस्ता वा ऐच्छिक लेखा विषय लिई प्रवेशिका परीक्षा (एस.एल.सी.)/एस.इ.इ. वा सो सरह उत्तीर्ण।

१४. **सहायक महिला विकास निरीक्षक, तह ४, प्रशासन सेवा, विविध समूह, महिला विकास उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा माध्यमिक शिक्षा परीक्षा (एस.इ.इ.) वा सो सरह उत्तीर्ण।

**नोटः ग्रेडिङ प्रणाली लागू भए पश्चात् प्रवेशिका (एस.एल.सी वा एस.इ.इ.) परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरूको हकमा GPA 2 वा सो भन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई सम्बन्धित शैक्षिक योग्यता हासिल गरेको मानिनेछ।**

## खुला तथा समावेशी परीक्षाको लागि सूचनाः

१. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ बमोजिम योग्य भएको हुनु पर्नेछ।

२. खुला र समावेशी तर्फको लिखित परीक्षा एकै (सिटिङ्ग) मिति र समयमा हुनेछ।

३. उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहको आधारमा प्रचलित कानूनी व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।

४. खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एक भन्दा बढी समावेशी समूहमा छनोट भएका उम्मेदवारलाई एक पटक मात्र कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ। कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।

५. सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको सेवा/समूह/उपसमूह र कार्यालयको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ।

**अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशनः**

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू दरखास्त साथ पेश गर्नु पर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनोट भएपछि अन्तर्वार्ता दिन आँउदा त्यस्ता कागजातहरूको सक्कल सहित नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लिखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

क) **आदिवासी/जनजातिका हकमाः** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात।

ख) **दलितका हकमाः** राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात।

ग) **थारुका हकमाः** थारु आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर थारु आयोगबाट सूचीकृत नभएसम्मको लागि र सूचीकृत भएका जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात।

घ) **मधेशीका हकमाः** नेपाल सरकारले नेपाल राजपत्रमा वा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्र वा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात।

ङ) **मुस्लिमका हकमाः** राष्ट्रिय मुस्लिम आयोगबाट सूचीकृत भएको मुस्लिम समुदायको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय मुस्लिम आयोगबाट सूचीकृत नभएसम्मको लागि र सूचीकृत भएको जातिको हकमा एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात।

च) **अपाङ्गता भएका व्यक्तिको हकमाः** प्रचलित कानून बमोजिमको अपाङ्गता परिचयपत्र दरखास्तसाथ पेश गर्नु पर्नेछ।

**नोटः स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १० बमोजिमको सुविधा एक व्यक्तिले सहायकस्तर तह र अधिकृतस्तर तहमा सेवा अवधिभरमा एक एक पटक मात्र लिन पाउनेछ।**